# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल

च.नं. ०७६।७७
प.सं. ६४३

मिति : २०७६/०९/०१

श्री सबै वडा कार्यालय (१३ वटा)
बेलकोटगढी नगरपालिका ।

**विषय: सरकारी साधनको दुरुपयोग नियन्त्रण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यलिय, नुवाकोटको प.सं. २०७६/७७ च.नं. १४८० मिति २०७६/०८/२९ को प्राप्त पत्रानुसार स्थानीय तहहरु तथा सरकारी कार्यालयहरुको स्वामित्वमा रहेका सरकारी साधनहरुको नम्बर प्लेटलाई रातोमा परिणत गरी चलाएको, सार्वजनिक विदाका दिनमा कार्यालयको काम बाहेक अन्य प्रयोजनमा समेत प्रयोग गरी दुरुपयोग गरेको, कार्यालयका जनप्रतिनिधि तथा कर्मचारी बाहेक अन्य असम्बन्धित व्यक्तिलाई सवारी साधन चलाउन दिएको जस्ता कार्यहरु गरेको र सवारी चालक अनुमती पत्र प्राप्त नगरेको व्यक्ति तथा असम्बन्धित व्यक्तिलाई सवारी चलाउन दिई सरकारी सवारी साधनको दुरुपयोग गरेकोले नियन्त्रण गर्न जरुरी रहेको सम्बन्धमा उक्त कार्यालयको ध्यानाकर्षण भएको उल्लेख गरी निम्नानुसार गर्न गराउन लेखी आएको छ । साथै उक्त व्यहोरा कार्यन्वयन गर्न गराउन भनी श्री जिल्ला प्रहरी कार्यालय, नुवाकोट र जिल्ला ट्राफिक प्रहरी कार्यालय. नुवाकोटलाई लिखित निर्देशन समेत दिइएको उक्त पत्रबाट देखिन्छ । तसर्थ सरकारी सवारी साधनको दुरुपयोग रोक्न पत्रमा उल्लेख भए अनुसारको व्यहोरा पूर्ण रुपमा कार्यन्वयन गर्न गराउनु हुन अनुरोध छ ।

**निम्नानुसार :**

१.सरकारी नम्बर प्लेटलाई रातोमा परिणत गरी संचालन गरिएको भए तत्काल सरकारी नम्बर प्लेटमा परिणत गर्नु हुन ।

२. विदाको दिनमा सरकारी सवारी साधन सरकारी कामको सिलसिलामा चलाउनु पर्ने भएमा स्पष्ट प्रयोजन, प्रयोग गर्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर खुलाई पास लिएर मात्र संचालन गर्नुहुन ।

३.सवारी अनुमति पत्र (लाइसेन्स) प्राप्त नगरेको व्यक्ति (जनप्रतिनिधि / कर्मचारी) तथा असम्बन्धित व्यक्तिलाई सवारी साधन चलाउन नदिनुहुन ।

२०७६।९।१

(शिव प्रसाद लम्साल)
प्रमुख प्रशासकीय अधिकृत

वोद्यार्थ:
श्री जिल्ला प्रशासन कार्यालय, नुवाकोट ।